नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep

#७०

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

आइतबार | ०७ बैशाख २०७७ (१९ अप्रील २०२०)

## मुख्य कृयाकलापहरू:

- अहिलेसम्म देशका विभिन्न प्रयोगशालामा भएको परिक्षणको नतिजाहरूको Cross-Verification राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गर्ने गरेकोमा अब उप्रान्त राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, बि. पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान र भेरी अस्पतालको प्रयोगशालाबाट पनि Cross-Verification हुने भएको छ ।
- प्रयोगशाला परिक्षणको नतिजा प्रारम्भिक पोजेटिभ (Presumptive Positive) आएमा Cross-Verification गर्नुपर्ने तर Verification नहुँदासम्म आइसोलेसन र निगरानी लगायत व्यवस्थापन कार्य कोभिड पोजिटिभ सरहनै गर्नुपर्ने छ ।
- Community Medicine तथा Public Health Faculties र अध्ययनरत विद्यार्थीहरुलाई कोभिड-१९ सन्दर्भमा परिचालन गर्ने तयारी भइरहेको छ ।
- उदयपुरमा केस Investigation र Contact Tracing का लागि हिजो गएको टोलीले शंकास्पद रहेका ६९ जनाको RT-PCR परिक्षणका लागि नमूना संकलन गरिसकिएको छ भने आज CCMC मार्फत नेपाली सेनाको हेलिकप्टर प्रयोग गरी थप नमुना संकलनको लागि टोली गई नमुना संकलन कार्य भइरहेको छ । २५० बढी नमुना संकलन गर्ने योजना रहेको छ ।
- केस Investigation र Contact Tracing कार्य गर्न आवश्यकता अनुसार परिचालनका लागि १९ जनस्वास्थ्यकर्मीहरुलाइ इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट केस Investigation र Contact Tracing सम्बन्धि तालिम आज सम्पन्न भएको छ ।

## आपुर्ति व्यवस्थापनः

स्वास्थ्य सेवा विभागबाट आवश्यकता अनुसार स्प्रेयर पम्प, PPE, N95 मास्क, गाउन, चस्मा, पन्जा, थर्मामिटर लगायतका सामग्रीहरू माग र आवश्यकता अनुसार आपूर्ति गर्ने क्रम जारी रहेको छ।

## सुचना तथा सञ्चारः

कोभिड-१९ का दुई वटा कल सेन्टर (१११५ र ११३३) मा आज २२४१ जना व्यक्तिहरूले सेवा लिनु भयो ।

## काठमाडौं उपत्यकामा कोभिड-१९ उपचाररत बिरामीहरूको संख्याः


| अस्पतालहरू | आईसोलेसनमा रहेका | आई.सि.यु. मा रहेका |
|---|---|---|
| शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल | २ | ० |
| पाटन अस्पताल | ३ | ० |
| शसस्त्र प्रहरी बल अस्पताल (COVID-19 Unified Command Hospital) | ० | ० |
| **जम्मा** | ५ | ० |
| *(अध्यावधिक मिति २०७७/०१/०७ गते १३:०० बजे सम्म)* | | |

## ILI/SARI Cases Reported from EWARS Sentinel Sites:

| मिति | ILI/ SARI Cases |
|---|---|
| १४ अप्रिल | ४० |
| १५ अप्रिल | ५१ |
| १६ अप्रिल | ४० |
| १७ अप्रिल | ४८ |
| १८ अप्रिल | १३ |
| *(अध्यावधिक मिति २०७७/०१/०७ गते १५:०० बजे सम्म)* | |

## प्रयोगशाला सेवा विस्तारः

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका साथै सबै प्रदेशमा गरी जम्मा १४ वटा ठाउँहरुमा कोभिड-१९ को पि.सि.आर. (Polymerase Chain Reaction) विधीबाट नमुना परिक्षण गर्ने प्रयोगशालाहरू सञ्चालनमा छन्।




## प्रयोगशाला परिक्षणः

हाल सम्म ३१ जना व्यक्तिमा कोभिड-१९ संङ्क्रमण देखिएको छ । हिजो साँझ १ वटा नयाँ पोजेटिभ केसहरू रिपोर्ट भएको छ । ४ संक्रमित व्यक्ति निको भई सामान्य जीवनमा फर्की सक्नुभएको छ भने अन्य २७ जना अस्पतालमा उपचाररत हुनुहुन्छ ।

**हालसम्म PCR विधिबाट परिक्षण भएका नमुनाहरूको विवरण यस प्रकार छः**

| प्रयोगशाला | जम्मा नेगेटिभ | जम्मा पोजिटिभ | नजिता आउन बाँकी | नयाँ पोजिटिभ |
|---|---|---|---|---|
| राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल, टेकु | ५४९६ | ३१ | | १ |
| वि कोइराला .पी.स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरान | २१९ | ० | १६ | ० |
| कोशी अस्पताल, विराटनगर | ३४९ | ० | ८० | ० |
| जनकपुर प्रादेशिक अस्पताल | ७७ | ० | १३ | ० |
| भरतपुर कोभिडडायग्नोस्टिक १९-प्रयोगशाला | २४८ | ० | ० | ० |
| राष्ट्रिय गंहू बाली अनुसन्धान केन्द्र, भैरहवा | १२७ | ० | ७ | ० |
| वीर अस्पताल, काठमाडौं | ४१ | ० | ४ | ० |
| पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान | ४०५ | ० | ८ | ० |
| किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडा | १९७ | ० | ४१ | ० |
| काठमाडौं विश्वविधालय शिक्षण अस्पताल, धुलिखेल | ४४८ | ० | ० | ० |
| सुर्खेत प्रादेशिक अस्पताल, सुर्खेत | १८४ | ० | ११ | ० |
| सेती प्रादेशिक अस्पताल, धनगढी | २५९ | ० | ३ | ० |
| **जम्मा** | **८०५०** | **३१** | **१८३** | **१** |

## क्वारेन्टाईन, आइसोलेशन तथा प्रयोगशाला सम्बन्धमा प्रादेशिक विवरणः

| प्रदेश | क्वारेनटाईन बेड संख्या | क्वारेनटाईनमा बसेका व्यक्तिको संख्या | आइसोलेशन बेड संख्या | आइसोलेशनमा भएका बिरामीको संख्या | ६ वैशाख २०७७ सम्मको RDT परिक्षणको अवस्था |
|---|---|---|---|---|---|
| प्रदेश १ | ४२११ | ७१९ | ४४९ | २२ | १५२६ |
| प्रदेश २ | ३७७८ | १२५१ | २२० | १४ | २५८४ |
| बागमती प्रदेश | ४५७३ | १५२ | ८७४ | १७ | ३५४७ |
| गण्डकी प्रदेश | ३८१० | १२५ | २७९ | २ | ३६०८ |
| प्रदेश ५ | ६५४८ | १७६५ | ५३४ | ३३ | २१९३ |
| कर्णाली प्रदेश | ३८६४ | ४३५ | ४६६ | ० | २७२५ |
| सुदुरपस्चिम प्रदेश | ४९०१ | ७३३ | २७४ | १० | ५३०३ |
| **जम्मा** | **३१६८५** | **५१८०** | **३०९६** | **९८** | **२१४८६** |

*नोटः यो रिपोर्टमा काठमाडौं उपत्यकाका अस्पतालहरुको रिपोर्ट समाबेश गरिएको छैन ।*

*श्रोतः NEOC, गृह मन्त्रालय र प्रादेशिक स्वास्थ्य निर्देशनालय, २०७७/०१/०६ र २०७७/०१/०७ गते*

## मापदण्ड तथा निर्देशिकाहरूः

- COVID-19 को सन्दर्भमा व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ) को प्रयोग सम्बन्धी निर्देशिका
- COVID-19 SOP, Case Investigation and Tracing Form
- Protocol for ILI Clinics (COVID-19 Screening COVID Clinics)
- कोभिड-१९ का बिरामीहरुलाई अस्पताल तथा उपचार केन्द्र पुर्याउनका निम्ति COVID-19 PATIENT TRANSPORT TEAM (PTT) निर्देशिका ।
- कोभिड-१९ का बिरामीहरु हेरचाह गर्ने स्वास्थ्य संस्थाहरुका लागि Interim Clinical Guidance र Infection Prevention and Control Guideline सम्बन्धी निर्देशिका
- कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी सम्क्षिप्त कार्यविधि - २०७६
- Flow Diagram for Testing returnees for COVID-19 (RDT or PCR)
- क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको कोभिड १९-को नमुना संकलन सम्बन्धी निर्देशिका
- Wondfo SARS-CoV-2 Antibody Test Procedure
- कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाह प्रवाहका लागि अन्तरिम निर्देशिका, २०७६
- कोभिड-१९ को प्रयोगशाला परिक्षण सम्बन्धी तरिकाहरू